# निसीखोला गाउँपालिका

# स्थानीय राजपत्र

भाग २) खण्ड.१, संख्या १, चैत्र २४ गते, २०७९ साल

**"निसीखोला गाउँपालिकाको कृषि तथा पशुपन्छी पालन अनुदान वितरण कार्यविधि २०७९"**

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७९/१२/२४

दिलिप कुमार चन्द
निमित्त प्रमुख प्रशासकीय अधिकृत

# "निसीखोला गाउँपालिकाको कृषि तथा पशुपन्छी पालन अनुदान वितरण कार्यविधि २०७९"

**निसीखोला गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति : २०७९/१२/२४**

**प्रस्तावना:**

कृषि तथा पशुपन्छी पालन पेशा प्रति किसानहरुलाई प्रोत्साहित एवम् उत्प्रेरित बनाई उद्यमशिल बनाउनका लागि लगानीमैत्री वातावरणको सृजना गरी व्यवसायको उत्थान तथा संरक्षण गर्न लागतमा आधारित व्यवसायीहरुलाई सहयोग प्रदान गर्ने जिम्मेवारी स्थानीय सरकारको समेत भएकोले वार्षिक विनियोजित कार्यक्रमको शिर्षकमा विनियोजन भएको रकम खर्च गर्न वान्छनीय भएको हुँदा निसीखोला गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी निसीखोला गाउँपालिका कृषि तथा पशुपालन अनुदान वितरण कार्यविधि, २०७९ गाउँ कार्यपालिकाबाट स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(क) यो कार्यविधिको नाम "निसीखोला गाउँपालिकाको कृषि तथा पशुपन्छी पालन अनुदनमा वितरण कार्यविधि, २०७९" रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले निसीखोला गाउँपालिकालाई सम्झनु पर्नेछ।

(ख) "कार्यपालिका" भन्नाले निसीखोला गाउँ कार्यपालिकालाई सम्झनु पर्नेछ।

(ग) "शाखा" भन्नाले गाउँ कार्यपालिका अन्तर्गतको पशु सेवा शाखा /कृषि विकास शाखालाई सम्झनु पर्नेछ।

(घ) "अध्यक्ष" भन्नाले निसीखोला गाउँपालिकाको अध्यक्ष सम्झनु पर्नेछ।

(ङ) "उपाध्यक्ष" भन्नाले निसीखोला गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्नेछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले निसीखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ।

(छ) "आर्थिक विकास समिति" भन्नाले निसीखोला गाउँपालिकामा गठित आर्थिक विकास समितिलाई सम्झनु पर्नेछ।

(ज) "अनुदान" भन्नाले यस गाउँपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि तथा पशुपन्छी उत्पादन, प्रशोधन मूल्य अभिबृद्धि, बजारीकरण, विविधिकरण, कृषि तथा पशुपन्छी पालन व्यवसायीकरणका लागि कृषकलाई प्रदान गरिने नगद तथा जिन्सी सामाग्री सहुलियतलाई सम्झनु पर्नेछ।

(झ) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषि उद्यमी, कृषक समूह, कृषि तथा पशुपन्छी फार्म, पशुपन्छी पालन समूह, कृषि तथा पशुपन्छी सहकारी, कृषि तथा पशुपालनसंग सम्वन्धित समिति र कृषि व्यवसायी सम्झनु पर्नेछ।

दिलिप कुमार छन्द
प्रमुख प्रशासकीय अधिकृत

(ञ) "कृषक" भन्नाले कसैको जग्गा भाडामा लिई वा आफ्नै जग्गामा व्यवसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि तथा पशुपन्छी फर्म, कृषि सहकारीलाई सम्झनु पर्नेछ ।

(ञ) "कार्यविधि" भन्नाले निसीखोला गाउँपालिकाको कृषि तथा पशुपन्छी पालन अनुदान वितरण कार्यविधि कार्यविधि २०७९ सम्झनु पर्नेछ।

(ठ) "कार्यक्रम" भन्नाले निसीखोला गाउँपालिकाको गाउँसभा वा गाउँ कार्यपालिकाबाट स्वीकृत एवम् संचालन हुने अनुदान प्रवाह सम्बन्धि कार्यक्रम सम्झनु पर्नेछ ।

## परिच्छेद २
## अनुदान सम्बन्धी व्यवस्था

३.अनुदान उपलब्ध गराउन सक्ने:

(१) निसीखोला गाउँपालिकाको बार्षिक बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछन ।

(२) उपदफा १ बमोजिम अनुदान उपलब्ध गराउदा अनूसूची ३ बमोजिमको कृषि तथा पशुपन्छी संख्याको मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

(३) उपदफा १ बमोजिम अनुदान उपलब्ध गराउदा बजेटको दायरा रु ५०,००,०००। (अक्षरेपी:पचास लाख रुपैया) सम्म गाउँपालिकाले सूचना प्रकाशन गरी कार्यक्रम सन्चालन गर्न सक्नेछ ।

(४) अनुदानको आवेदन लिदा आवेदन दस्तुर रु.१०००। लिइनेछ ।

४.अनुदानको सूचना र अनुदानग्राहीको छनौट:

(१) अनुदान सम्बन्धी कार्यक्रम संचालन गर्ने कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार सार्वजनिक रुपमा अधिकतम कृषकहरु तथा ब्यक्तिगत कृषि तथा पशुपन्छी फर्महरुसम्म सूचनाको पहुँच पुग्ने गरी प्रस्ताव मागको लागि कम्तीमा १५ दिनको सूचना प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव छानविन गरी छनौटका लागि कार्यालयले छनौट समितिमा पठाउनु पर्नेछ । छनौट समिति यस कार्यविधिले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम छनौट समितिले गरेको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले कार्यक्रमहरु कार्यान्वयन गर्नेछ ।

(४) रु ५ लाख भन्दा कम बजेटको कार्यक्रमहरु मागका आधारमा कार्यालयबाट अनुदान दिन सकिनेछ ।

५. अनुदान रकमको सीमा :

(१) कार्यालयबाट उपलब्ध गराईने अनुदान रकम कुल लागतको सत्तरी प्रतिशत हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक विपद् वा प्रचलित कानूनमा तोकिएको लक्षित समूह विपन्न, एकल महिला, अपाङ्गता भएकाहरुका लागि सरकारी संस्था आफैले वा गैह्र सरकारी संघसंस्थाको साझेदारीमा सन्चालन हुने कार्यक्रमको हकमा यस यो कार्यविधि लागुहुने हुनेछैन । साथै माथि उल्लेखित वर्गका लागि यस गाउँपालिकाबाट उपलब्ध गराइने अनुदानको सिमामा थपघट हुन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि यो कार्यविधि लागू हुनु अघि अनुदानग्राहीसँग सम्झौता भई कार्यान्वयनमा रहेका परियोजनाको हकमा त्यस्तो सम्झौता बमोजिम नै अनुदान उपलब्ध गराईनेछ ।

दिलिप कुमार चन्द
निमित्त प्रमुख प्रशासकीय अधिकृत

६. अनुदान रकमको निर्धारण :

(१) कार्यालयले छनौट समितिको सिफारिसमा अनुदानग्राहीहरुलाई उपलब्ध गराउने अनुदान रकम स्वीकृत कार्यक्रम अनुसार निर्धारण गर्नेछ।

७. अनुदानग्राहीसँग सम्झौता गर्नु पर्ने :

(१) कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भए पश्चात अनुदानग्राहीसँग सम्झौत गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा अनुदानग्राहीहरुले कार्य सुरु गर्नु पर्ने समय, कार्यसम्पन्न गर्नु पर्ने समय, आवधिक रुपमा कार्य सम्पन्न गर्नु पर्ने विषय र सो बमोजिम अनुदान उपलब्ध गराइने समय तालिका अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

८. अनुदान भुक्तानी प्रक्रिया :

(१) कार्यालयले अनुदानग्राहीलाई देहाय बमोजिम अनुदान भुक्तानी गर्नेछ :

(क) अनुदानग्राहीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा लगानी अनुपात बमोजिमको अनुदान,

(ख) खण्ड (क) बमोजिम भुक्तानी गर्दा एकमुष्ठ भुक्तानी गर्ने र शुन्य पेश्कीमा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउनु पर्ने,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि लागूहुनु अघि सम्झौता भईसकेको परियोजनाको हकमा सोही बमोजिम हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि शत प्रतिशत कार्य सम्पन्न गरे पश्चात अनुदानको एकमुष्ट रकम भुक्तानी गर्न बाधा पर्ने छैन ।

(४) कार्यालयले सम्बन्धित अनुदानग्राहीको बैंक खातामा रकम जम्मा गरिदिनेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि अनुदानग्राहीबाट कार्य सम्पन्न प्रतिवेदन प्राप्त नभई अनुदानको रकम भुक्तानी गरिने छैन ।

(६) बहुवर्षिय कार्य-योजना/परियोजना एवं कार्यक्रमको हकमा कार्य सम्पन्नको प्रतिवेदन हेरी सालवासाली बजेट तर्जुमा हुने व्यवस्था हुनेछ ।

(७) अनुदान रकम भुक्तानी गर्दा अनुगमन तथा मूल्याङ्कनको लागि गाउँपालिकाले ४ (चार) प्रतिशत रकम कट्टी गरी अनुदानग्राहीलाई भुक्तानी गर्नेछ ।

(८) प्रतिफलको आधारमा दिईने अनुदान रकम फर्म, समूह, सहकारीलाई अधिकतम सत्तरी प्रतिशत अनुदान दिइनेछ ।

९. बीमा गर्नु पर्ने :

(१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अनुदान प्राप्त गरेको पशुपन्छी धनको बीमा गर्नु पर्नेछ ।

## परिच्छेद ३

## विविध

१०. विवरण प्रकाशन गर्नु पर्ने:

(१) कार्यालयले अनुदानग्राही छनौटको विवरण आफ्नो वेबसाइट तथा सूचना पाटीमा सार्वजनिक गर्नु पर्नेछ ।

११. असुल उपर गर्नु पर्ने :

(१) कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

(२) असुल उपर हुन नसकेमा कार्यालयले सरकारी श्रोतको दुरुपयोगका सम्बन्धमा आवश्यक छानविनका लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

१२. संघीय सरकार वा प्रदेश सरकारबाट हस्तान्तरण हुने कार्यक्रमः

(१) संघीय सरकारको सर्शत अनुदानबाट प्राप्त कार्यक्रमहरु तथा प्रदेश सरकारबाट स्वीकृत कार्यविधि तथा तथा प्रदेश सरकारबाट स्वीकृत कार्यविधि अनुसार नै सञ्चालन हुनेछन् ।

१३. अनुदानग्राही छनौट समिति :

(१) आर्थिक विकास समितिका संयोजकको अध्यक्षतामा निम्न बमोजिमको अनुदानग्राही छनौट समिति रहनेछन् :-

| | |
|---|---|
| (क) आर्थिक विकास समिति संयोजक | अध्यक्ष |
| (ख) गाउँपालिका अध्यक्षले मनोनित गरेका गाउँ सभा सदस्यहरुमध्येबाट १ महिला सहित ३ जना | सदस्य |
| (ग) पशु सेवा शाखा/कृषि विकास शाखा प्रमुख | सदस्य-सचिव |

१४. अनुगमन तथा मूल्याङ्कन समिति : गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा रहेको गाउँपालिका स्तरिय अनुगमन समितिले अनुगमन गर्नेछ । यस समितिमा तपशिलका सदस्यहरु तोकिएको अनुगमन समितिमा थप हुनेछन ।

| | |
|---|---|
| (क) आर्थिक विकास समितिका संयोजक | सदस्य |
| (ख) कृषि/पशु सेवा शाखा प्रमुख | सदस्य-सचिव |

नोटः अनुगमन समितिले सिफारिसमा मात्र अनुदान अनुपातको रकम निकासा हुनेछ ।

१५. दोहोरो सुविधा लिन नपाउने :

(१) अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक पटक अनुदान प्राप्त गर्ने एकाघरका कृषक परिवारले ३ वर्षसम्म अनुदान प्राप्त गर्न सक्ने छैन । एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखिएमा ३ वर्ष सम्म उही प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरिने छैन ।

१६. अनुदानग्राही जिम्मेवार हुनेः

(१) कुनै विषेश कारणवश वा काबू बाहिरको परिस्थिति परि सम्झौता अनुरुप तोकिउको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पुरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

१७. अनुदान प्राप्त गर्ने परियोजना/कार्यक्रम रद्द गर्न सक्ने वा सम्झौता रद्द गर्नेः

दिलिप कुमार चन्द
निमित्त प्रमुख प्रशासकीय अधिकृत

(१) कुनै कारणवस प्रचलित ऐन कानुन ... वा सम्झौता बमोजिम कार्यान्वयन नभएमा वा कारणवस छनौट समितिले कार्यक्रम ... बढाउन उपयुक्त नदेखेमा पूर्व जनकारी दिई सम्झौता रद्द गर्ने वा अनुदान रकममा पुरा भुक्तानी ... सक्ने सम्मको कारवाही हुनेछ ।

१८. प्रचलित कानून बमोजिम हुने:

(क) प्रचलित कानूनको सर्वमान्य सिद्धान्तको प्रतिकुल नहुने गरी यस कार्यविधिमा उल्लेख भएका कुराको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुने ।

१९. कार्यविधिको व्याख्या:

(क) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

२०. बचाउ:

(क) यस भन्दा अगाडी भए गरेका यस कार्यविधिसंग सम्वन्धित कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

२१.खारेजी:

(क) यस कार्यविधिमा उल्लेखित कुनै कुरा संघीय/प्रदेश कानूनसंग बाजिन गएको खण्डमा यो कार्यविधिमा उल्लेखित स्वत: खारेज हुनेछ ।

दिलिप कुमार चन्द
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - १

## अनुदानग्राहीको छनौटको आधारहरु

१. कृषि तथा पशुपन्छी लगायतका फर्महरुको क्षेत्रफल प्राविधिक मापदण्ड बमोजिमको हुनुपर्नेछ।
२. कृषि तथा पशुपन्छी लगा[illegible]को व्यवस्था प्राविधिक मापदण्ड बमोजिमको हुनुपर्नेछ।
३. निसीखोला गाउँपालिकामा अनिवार्य फर्म दर्ता गरेको हुनुपर्ने।
४. जग्गा आफ्नो स्वामित्वमा भएको भए जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि, आफ्नो स्वामित्वमा नभएको भए कम्तीमा ५ वर्षको जग्गा भडाको सम्झौता।
५. कृषि विकास शाखा र पशु सेवा शाखाले तोकेका अन्य मापदण्डहरु।
६. कृषि तथा पशुपन्छी लगायतका वस्तुको बीमा गरेका हुनुपर्ने।

दिलिप कुमार चन्द
निमित्त प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - २

## अनुगमन प्रतिवेदन

१. परियोजनाको नाम :
२. कार्यालयबाट अनुगमनमा खटिएको मिति :
३. सम्झौता मिति :
४. परियोजनाको विवरण
   (क) जग्गा  (ख) मेशिनरी औजार
   (ग) पशु संख्या  (ग) संरचनाको विवरण
५. प्राविधिक राय :
६. सम्पादिक कार्यको स्तर :
७. भुक्तानी/अनुदान निकासा दिन मनासिव देखिएको वा नदेखिएको राय :
८. परियोजनासंग सम्बन्धित अन्य विवरण :
९. अनुगमन समितिको दस्तखत :

| क्र.स. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

दिलिप कुमार चन्द
निमित प्रमुख प्रशासकीय अधिकृत

अनुसूची -

## बाली तथा पशुपन्छी संख्या र अनुदान रकमको मापदण्ड

| क्र.स. | शिर्षक | बाली/पशुपन्छी | न्यूनतम संख्या | अनुदान रकम |
|---|---|---|---|---|
| १ | साना व्यवसायिक भेडा/बाखा पालन अनुदान | भेडा/बाखा | १० माउ | ३०,०००। |
| २ | मझौला व्यावसायिक भेडा/बाखा पालन अनुदान | भेडा/बाखा | २५ माउ | ५०,०००। |
| ३ | ठूला व्यावसायिक भेडा/बाखा पालन अनुदान | भेडा/बाखा | ५० माउ | १,००,०००। |
| ४ | व्यावसायिक भेडा/बाखा पालन अनुदान | भेडा/बाखा | १०० माउ | ३,००,०००। |
| ५ | व्यावसायिक बंगुर पालन अनुदान | बंगुर | ५ माउ वा १० पाठापाठी | ५०,०००। |
| ६ | भकारो सुधार अनुदान | गाई/भैसी | २ वटा | १०,०००। |
| ७ | व्यावसायिक ब्रोइलर पालन अनुदान | ब्रोइलर | ५,०० ब्रोइलर | ५०,०००। |
| ८ | व्यावसायिक लेयर्स पालन अनुदान | लेयर्स | ५०० लेयर्स | ५०,०००। |
| ९ | पंन्छी पालन अनुदान | लोकल कुखुरा, हाँस, टर्की | १०० वटा | २५,०००। |
| १० | पंन्छी पालन अनुदान | लोकल कुखुरा, हाँस, टर्की | २०० वटा | ५०,०००। |
| ११ | पंन्छी पालन अनुदान | लोकल कुखुरा, हाँस, टर्की | ४०० वटा | १,००,०००। |
| १२ | पंन्छी पालन अनुदान | लोकल कुखुरा, हाँस, टर्की | ५०० वटा | १,५०,०००। |

नोट : १०० भन्दा बढी माउ भेडा/बाखा पालन गरेका व्यवसायीलाई माथि उल्लेखित अनुदानको क्रम दर अनुसार संख्या र अनुदान रकम दिइनेछ ।

: माछापालन लगाएत अन्य कृषि तथा पशुपन्छी पालन व्यवसायमा अनुदान दिनु परेमा गाउँपालिकाको आर्थिक विकास समितिले प्रचलित कानूनमा भएको व्यवस्थालाई आधार मानेर निर्णय गरे बमोजिम दिइनेछ ।

आज्ञाले,
दिलिप कुमार चन्द
नि.प्रमुख प्रशासकीय अधिकृत

दिलिप कुमार चन्द
निमित्त प्रमुख प्रशासकीय अधिकृत